ईश्वरपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं/फ्याक्स ०४६-५७५००१
Website- www.ishworpurmun.gov.np

प.सं.: २०८२।८३
च.नं.: ८४

मिति: २०८३।०४।११

श्री ईश्वरपुर नगर अस्पताल,
ईश्वरपुर, सर्लाही ।

**विषय: नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि पठाइएको बारे।**

प्रस्तुत विषयमा ईश्वरपुर नगरपालिकाको मिति २०८३।०३।०८ मा बसेको १६औं नगरसभाबाट **ईश्वरपुर नगरपालिका नगर अस्पताल संचालन तथा व्यवस्थान कार्यविधि, २०८३** स्वीकृत भएकाले स्वीकृत कार्यविधि बमोजिम नगर अस्पतालबाट स्वास्थ्य सेवा प्रवाह र नगरपालिकाको आर्थिक तथा प्रशासनिक कार्य सञ्चालन गर्नका लागि एक प्रति नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

...........................
शालिकराम दाहाल
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थ
श्रीमान नगर प्रमुखज्यू
श्रीमान उप प्रमुखज्यू

## ईश्वरपुर नगरपालिका नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३

*नगरसभाबाट स्वीकृत भएको मिति २०८३।०३।०८*

**प्रस्तावनाः**

ईश्वरपुर नगरपालिकाको नगर अस्पतालको सेवालाई प्रभावकारी र व्यवस्थित बनाई नगरबासी र अन्य नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि नगर सभाले यो कार्यविधि स्वीकृत गरेको छ।

### परिच्छेद–१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम " ईश्वरपुर नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

(ख) यो कार्यविधि तत्काल लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"अध्यक्ष"** भन्नाले नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्दछ।

(ख) **"नगर अस्पताल"** भन्नाले ईश्वरपुर नगरपालिकाले सञ्चालन गरेको ईश्वरपुर नगर अस्पताललाई सम्झनु पर्दछ।

(ग) **"अस्पताल प्रमुख"** भन्नाले नगर अस्पतालको आर्थिक तथा प्रशासनिक अधिकार सहित नगरपालिकाले तोकेको चिकित्सक कर्मचारीलाई सम्झनु पर्दछ।

(घ) **"प्रमुख"** भन्नाले ईश्वरपुर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) **"उप प्रमुख"** भन्नाले ईश्वरपुर नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ।

(च) **"कार्यपालिका"** भन्नाले ईश्वरपुर नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

(छ) **"कार्यविधि"** भन्नाले ईश्वरपुर नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ सम्झनु पर्दछ।

(ज) **"चिकित्सक तथा स्वास्थ्यकर्मी"** भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानून बमोजिम सम्बन्धित परिषद्बाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्दछ।

(झ) **"नगरपालिका"** भन्नाले ईश्वरपुर नगरपालिका सम्झनु पर्दछ।

(ञ) **"नगरपालिका क्षेत्र"** भन्नाले ईश्वरपुर नगरपालिकाको भु-भाग सम्झनु पर्दछ।

(ट) **"पदाधिकारी"** भन्नाले नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष र सदस्य लगायतका पदाधिकारीलाई सम्झनु पर्दछ।

(ठ) **"शाखा"** भन्नाले कार्यपालिकाको जनस्वास्थ्य शाखा सम्झनु पर्दछ।

(ड) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठित नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

मनोज कुमार आचार्य
नगर प्रमुख



CamScanner

## परिच्छेद – २

## अस्पताल व्यवस्थापन समितिको गठन तथा सञ्चालन

**३. समितिको गठनः** (१) अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) नगर प्रमुख | – | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | – | सदस्य |
| (ग) सामाजिक विकास समिति संयोजक | – | सदस्य |
| (घ) अस्पताल रहेको वडाको अध्यक्ष | – | सदस्य |
| (ङ) स्वास्थ्य क्षेत्रका विज्ञ मध्येबाट समितिले तोकेको १ (एक) जना | – | सदस्य |
| (च) स्वास्थ्य शाखा प्रमुख | – | सदस्य |
| (छ) अस्पताल प्रशासन प्रमुख | – | सदस्य |
| (ज) अस्पताल आर्थिक प्रशासन प्रमुख | – | सदस्य |
| (ज) अस्पताल प्रमुख (मे.सु/मे.अ) | – | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विषय विज्ञ, प्राविधिक, जनप्रतिनिधि तथा कर्मचारीलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) सदस्यको पद रिक्त हुनेः देहायको अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछः

(क) मृत्यु भएमा ।

(ख) अध्यक्ष समक्ष राजीनामा दिएमा ।

(ग) बिना सूचना लगातार तीनपटक समितिको बैठकमा अनुपस्थित भएमा ।

(घ) फौजदारी अभियोग प्रमाणित भएमा ।

(ङ) अस्पतालको अहित हुने काम गरेको प्रमाणित भएमा ।

**(४) सदस्यको लागि योग्यताः** दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सदस्यमा मनोनयनको लागि देहाय बमोजिमको व्यक्ति अयोग्य हुनेछ ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय भोगिरहेको ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्तर्गतको कुनै संगठित संस्थासँग वेरुजु वा तिर्न बुझाउन बाँकी बक्यौता रहेको ।

(ग) नेपाल सरकारको कुनै निकायबाट कालो सुचीमा परेको ।

**(५) समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिचितता गराउने ।

ईश्वरपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय ईश्वरपुर, सर्लाही मधेश प्रदेश, नेपाल २०७३

मनोज कुमार आचार्य
नगर प्रमुख



CamScanner

(ख) अस्पतालबाट गुणस्तरीय, प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग) अस्पतालको नियमित सञ्चालन र व्यवस्थापनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक बजेट तथा कार्यक्रम तयार गर्न लगाई पारित गर्ने ।

(घ) अस्पतालबाट प्रवाह भएका सेवाहरुको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रुपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

(ङ) स्वास्थ्य सेवा तथा सुविधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चितताको लागि आवश्यक प्रवन्ध मिलाउने ।

(च) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास एवं वृत्ति विकासको लागि आवश्यक कार्य गर्ने । अस्पतालको जनशक्तिको सेवा, शर्त, पारिश्रमिक र अन्य सुविधाहरुका सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

(छ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्य कर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(ज) स्वास्थ्य सेवाको पहुचँबाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरु गर्ने ।

(झ) अल्पसंख्यक, आदिवासी जनजाति, दलित, जेष्ठ नागरिक, विपन्न वर्ग, अपाङ्गता भएका, बालबालिका, किशोर किशोरी, महिला समुह समेतलाई मध्यनजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ञ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, बाल स्वास्थ्य तथा मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय कार्यक्रम तथा अभियानहरुको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने ।

(ट) अति विपन्न, जेष्ठ नागरिक, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

(ठ) अस्पतालको भौतिक सम्पत्तिको तथ्यांक अध्यावधिक गर्न एवं सम्पत्तिको संरक्षण तथा मर्मत सम्भारको व्यवस्थापन तथा निर्णय गर्ने ।

(ड) अस्पतालबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ढ) भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ण) स्वास्थ्य सेवामा अनुशासन, जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने, सेवाग्राही मैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(त) विद्युतीय स्वास्थ्यको अवधारण कार्यान्वयनका लागि नगरपालिका अन्तर्गतका सामाजिक विकास समिति र स्वास्थ्य शाखासँग आवश्यक समन्वय गर्ने ।

ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३



मनोज कुमार आचार्य
नगर प्रमुख

(थ) अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्यं सेवा सञ्चालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरु समाधानका लागि नगरपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

(द) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्ने ।

(ध) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

(न) अस्पतालबाट सेवा प्रवाहको क्रममा आएका गुनासाहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने ।

(प) अस्पतालको मासिक प्रगति प्रतिवेदन हरेक महिना HMIS अनुसार तयार गर्न लगाई DHIS-2 मा तथ्याक प्रविष्ट गर्न लगाउने ।

(फ) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, जनस्वास्थ्य सेवा ऐन, स्थानीय स्वास्थ्य ऐन लगायत प्रचलित कानुन र नीति बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरु कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(ब) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु व्यवस्थित रुपले सञ्चालन गराउने ।

(भ) नगरपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

(६) **समितिको बैठक र सञ्चालन विधि**: (क) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तीमा महिनाको एक पटक समितिको बैठक बोलाउनु पुर्नेछ। तर आवश्यकता अनुसार जुनसुकै अवस्थामा पनि बैठक बस्न सक्नेछ ।

(ख) समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुपुस्थितिमा नगरपालिकाको प्र.प्र.अ (सदस्य) को अध्यक्षतामा वैठक सञ्चालन हुनेछ ।

(ग) समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) समितिको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ । कुनै बिषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछ । तर आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैन ।

(ङ) बैठकको निर्णय अध्यक्षले प्रमाणीकरण गरेपछि सदस्य सचिवले प्रमाणित प्रति अन्य सदस्यलाई उपलब्ध गराउनेछ ।

(च) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

(७) समितिले बैठक सञ्चालन सम्बन्धी कार्यविधि आफै तय गर्नेछ ।

ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मनोज कुमार आचार्य
नगर प्रमुख

परिच्छेद–३

बजेट तर्जुमा, कोष सञ्चालन तथा लेखा परीक्षण

**४. आय-व्यय तयार गरी पेश गर्ने**: (१) अस्पतालले प्रत्येक वर्ष आगामी वर्षको आयव्ययको हिसाब गरी समितिमा पेश गर्नु पर्नेछ । समितिले सो बजेटमा छलफल गरी बजेट पारित गर्नेछ ।

(२) अस्पतालले बजेट स्वीकृतिको लागि समितिमा पेश गर्दा शिर्षकगत रुपमा बजेट तयार गरी पेश गर्नु पर्नेछ।

(३) समितिबाट बजेट स्वीकृत भएपछि अध्यक्षले अस्पताल प्रमुखलाई खर्च गर्ने अख्तियारी दिनेछ ।

(४) समितिले स्वीकृत गरेको बजेटको कुनै शिर्षकमा बिनियोजित रकम नपुग भएको र कुनै शिर्षकमा बचत हुने अवस्था भएमा वा बजेट स्वीकृत गर्दा रकम बिनियोजन नै नभएको शिर्षकमा रकम बिनियोजन गर्नु परेमा समितिले निर्णय गरी रकममान्तर वा रकम बिनियोजन गर्न सक्नेछ ।

**५. अस्पतालको कोष**: (१) ईश्वरपुर नगरपालिकाको नगर अस्पतालको नाममा छुट्टै कोष रहनेछ ।

(२) उप दफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा हुन सक्नेछन र अस्पतालको खर्च सोही कोषबाट व्यहोरिनेछ ।

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ख) नगरपालिकाबाट प्राप्त रकम ।

(ग) अस्पतालले उपलब्ध गराउने सेवा वापत प्राप्त आम्दानी वा स्वास्थ्य बीमा कार्यक्रमबाट प्राप्त रकम।

(घ) नेपाल सरकार वा प्रदेश सरकारले तोकेको कुनै स्वास्थ्य सेवा प्रदान गरेबापत ती निकायबाट प्राप्त रकम ।

(ङ) वैदेशिक अनुदान, विदेशी कुनै व्यक्ति, संघ संस्थाबाट प्राप्त रकम ।

(च) स्वदेशी कुनै व्यक्ति, संघ संस्थाबाट प्राप्त रकम ।

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) उपनियम (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु भन्दा अगाडी प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ ।

४) अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोषमा जम्मा गरी सम्पूर्ण खर्च समितिको निर्णय अनुसार सोही कोषबाट हुनेछ। यस उपदफामा जुनसुकै कुरा उल्लेख भएता पनि अनुसूची – १ बमोजिमका खर्चहरुको लागि समितिको निर्णय आवश्यक पर्ने छैन ।

५) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवं मूल्य मान्यताको प्रतिकुल नहुने कुराको सुनिचित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको सदुपयोग गर्न सकिन्छ ।

६) अस्पतालले सेवा प्रवाह गरेवापत प्राप्त हुने शुल्क, स्वास्थ्य बीमा कार्यक्रमबाट प्राप्त रकम र अस्पताल फार्मेसीबाट सःशुल्क औषधी बिक्री वितरणबाट प्राप्त हुने रकम प्राप्त भएको भोलिपल्ट बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मनोज कुमार आचार्य
नगर प्रमुख



CamScanner

**६. कोष तथा खाता सञ्चालनः** (१) अस्पतालको आयव्यय लेखा दुरुस्त राख्नको लागि अस्पताल प्रमुख तथा लेखा प्रमुखको संयुक्त दस्तखतबाट कोषको खाता सञ्चालन हुनेछ। अस्पताल प्रमुख करार भए अस्पताल प्रशासन स्थायी कर्मचारीबाट र अस्पतालमा लेखाको कर्मचारीको व्यवस्था नहुँदा सम्मको लागि समितिले निर्णय गरी नगरपालिकाको लेखाको कर्मचारीबाट खाता सञ्चालन हुनेछ।

(२) अस्पतालको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा तथा प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून बमोजिम हुनेछ। अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजानिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

(३) कोषको खाता सञ्चालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृत प्राप्त बैंक तथा वित्तीय संस्थामा हुनेछ।

(४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित कोष सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ।

(५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फर्छयौट लगायतका बिषयहरु प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुन बमोजिम हुनेछ।

**७. आन्तरिक नियन्त्रण तथा लेखा परीक्षणः** (१) नगर अस्पतालको आय व्ययको लेखा महालेखा परीक्षणको कार्यालयले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(२) समितिले तोकिए बमोजिम अस्पतालको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ।

(३) आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट र अन्तिम लेखा परीक्षण कानून बमोजिम महालेखा परीक्षकबाट हुनेछ।

(४) नगरपालिकाले जुनसुकै बखत समितिको हिसाब किताब जाँच गर्न वा जँचाउन सक्नेछ।

(५) अस्पतालले मासिक प्रगती प्रतिवेदन तयार गरी समितिको बैठकमा पेश गर्नुको साथै एक प्रति प्रगति प्रतिवेदन नगरपालिकामा समेत पेश गर्नु पर्नेछ।

**८. आकष्मिक कोषको व्यवस्थाः** (१) विपन्न, असहाय तथा बेवारीशे बिरामीको उपचारको लागि अस्पतालले एक आकष्मिक कोषको स्थापना गरी सो कोषबाट आवश्यक उपचारको व्यवस्था मिलाउनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा अस्पतालले मासिक आम्दानीको एक निश्चित प्रतिशत रकम जम्मा गर्नेछ। त्यस्तो कोषमा जम्मा गर्ने रकमको प्रतिशत समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको कोषको सञ्चालन अस्पताल प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

ईश्वरपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय ईश्वरपुर, सर्लाही मधेश प्रदेश, नेपाल २०७३

मनोज कुमार आचार्य
नगर प्रमुख



CamScanner

(४) त्यस्तो कोषमा जम्मा गर्ने रकम नगरपालिका वा अन्य निकाय वा संघ संस्था वा सरकार वा व्यक्तिले समेत उपलब्ध गराउन सक्नेछन ।

(५) असहाय तथा अति विपन्न परिवारको निःशुल्क उपचार गर्दा समितिका अध्यक्ष वा अस्पताल प्रमुखको सिफारिसका अधारमा र बेवारिशे बिरामीको निःशुल्क उपचार गर्दा समितिका अध्यक्ष वा ईलाका प्रहरी कार्यालयको सिफारिसको अधारमा गरिनेछ ।

**९. बीमा सोधभर्ना रकम खर्च सम्बन्धी व्यवस्थाः** (१) बीमा कार्यक्रमका सदस्यहरुलाई अस्पतालले सेवा उपलब्ध गराए वापत बीमा बोर्डबाट सोधभर्ना प्राप्त रकमलाई बीमा बोर्डको सोधभर्ना पाएको रकम खर्च सम्बन्धी निर्देशिका बमोजिम कुल प्राप्त रकमलाई देहायको शिर्षकमा देहाय बमोजिमको प्रतिशतका आधारमा रकम छुट्टयाई खर्च गरिनेछ ।

| | |
|---|---|
| (क) औषधी खरिदको लागि | – ३५ प्रतिशत |
| (ख) मेशीनरी औजार उपकरण खरिदको लागि | – ३० प्रतिशत |
| (ग) जनशक्ति व्यवस्थापन | – १५ प्रतिशत |
| (घ) कर्मचारी प्रोत्साहन भत्ता खर्च | – १० प्रतिशत |
| (ङ) प्रशासनिक खर्चको लागि | – १० प्रतिशत |

(२) उपरोक्तानुसारको खर्च प्रतिशतमा समितिले अस्पतालको आवश्यकताका आधारमा १० प्रतिशत सम्म थपघट गर्न सक्नेछ ।

(३) अस्पतालले प्रत्येक बर्ष दफा ४ को उपदफा (१) बमोजिम आय व्यय अनुमान पेश गर्दा बीमा बोर्डबाट सोधभर्ना प्राप्त हुन सक्ने रकम समेतको अनुमान गरी पेश गर्नु पर्नेछ ।

## परिच्छेद–४
## जिन्सी मालसामान, औषधी तथा उपकरण व्यवस्थापन

**१०. जिन्सी व्यवस्थापनः** (१) अस्पतालको जिन्सी व्यवस्थापनको लागि महालेखा परीक्षकद्धारा तोकिएको ढाँचामा जिन्सी सामानको आम्दानी तथा खर्च अभिलेख राख्नु पर्नेछ ।

(२) जिन्सी खातामा अस्पताल आफैले खरिद गरेका सामान, कुनै संघ संस्थाबाट प्राप्त भएका मालसामान, दातृ निकाय वा देशबाट वा व्यक्तिबाट प्राप्त सामान तथा संघीय सरकार, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त भएको सामानको आम्दानी बाध्नु पर्नेछ ।

(३) कुनै संघ संस्थाबाट प्राप्त भएका सामान, दातृ निकाय वा देशबाट वा व्यक्तिबाट प्राप्त सामान तथा संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त भएको सामान आम्दनी बाँधी त्यसपछि बस्ने समितिको बैठकमा जानकारी गराउनु पर्नेछ ।

(४) अस्पताल प्रमुखले समय समयमा जिन्सी सामानको निरीक्षण तथा सुपरीवेक्षण गर्नु पर्नेछ ।

(५) अस्पताल प्रमुखले वर्षको कम्तीमा एकपटक जिन्सी निरीक्षण गर्न लगाई जिन्सी सामानको अद्यावधिक अवस्थाको बारेमा समितिमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ । त्यस्तो प्रतिवेदनको एक प्रति नगरपालिकामा समेत पेश गर्नु पर्नेछ ।



ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मनोज कुमार आचार्य
नगर प्रमुख

CamScanner

(६) साविक प्राथमिक स्वास्थ्य केन्द्रको नाममा रहेका तथा प्राप्त भएका सबै चल अचल सम्पति यसै कार्यविधि बमोजिम नगर अस्पतालको नाममा स्वतःहस्तान्तरण हुनेछ ।

(७) अस्पतालले आफुलाई आवश्यक पर्ने मालसामान, औषधी तथा मेशिनरी उपकरण बिक्रेता, आपूर्तिकर्ता, त्यस्ता मालसामान आपूर्ति गर्ने फर्म, कम्पनिलाई प्रचलित कानून बमोजिम मौजुदा सुचीमा सूचीकरण गर्नुपर्नेछ ।

**११. औषधि खरिद, भण्डारण तथा वितरण:** (१) नगरपालिकाबाट निःशुल्क वितरण गर्ने औषधी तथा अस्पताल फार्मेसीबाट बिक्री वितरण गर्ने औषधी अपर्याप्त भएमा समितिबाट निर्णय गराई अस्पतालले आवश्यक औषधी आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानूनी व्यवस्था अनुसार खरीद गर्न सक्नेछ ।

(२) अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान गरी वार्षिक खरीद योजना बनाई समितिबाट स्वीकृत गर्नु पर्नेछ ।

(३) अस्पतालले निःशुल्क उपलब्ध गराउने औषधी नियमित रुपमा उपलब्धताको व्यवस्था गर्नु पर्नेछ ।

(४) अस्पतालले अस्पतालमा आउने बिरामीको संख्या तथा रोगको आधारमा औषधीको माग तथा आपूर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) औषधी नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधी भण्डारण गर्नु पर्नेछ ।

(६) औषधी आपूर्ति तथा वितरणलाई पारदर्शी बनाउन अस्पताल प्रमुखले एक जना व्यक्ति तोक्नेछ । निजले खर्च भएर जाने र नजाने जिन्सी सामानको लगत छुट्टा छुट्टै रजिष्टरमा राख्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सी श्रेस्ता मिलाउनु पर्ने र दैनिक औषधीको खपतलाई मौज्जाद दैनिक अभिलेख राख्नु पर्ने साथै उपकरणको विवरण दुरुस्त राख्नु पर्नेछ ।

(८) प्रेस्कृप्सन अनुसार औषधीको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधी लिन आउने व्यक्तिलाई औषधी दिने व्यक्तिले निम्न बमोजिम जानकारी दिनुपर्ने छ ।

(क) औषधीको सेवन विधि र मात्रा

(ख) औषधीको सेवन अवधि

(ग) औषधीबाट हुन सक्ने प्रति असर

(घ) औषधी सेवन अवधिभर अपनाउनु पर्ने सावधानी

(ङ) औषधी सुरक्षित राख्ने स्थान र विधि

(९) औषधी वितरण गर्दा औषधी बिक्री वितरण सम्बन्धी संहिता र औषधी सम्बन्धी प्रचलित कानूनको पालना गर्नु पर्नेछ ।

(१०) अस्पतालले आपूर्ति व्यवस्थापन सूचना प्रणाली (eLMIS)मा नियमित रुपमा औषधी उपकरणको विवरण प्रविष्ट गर्नु पर्नेछ ।

(११) खरिद ईकाई सम्बन्धी व्यवस्था: अस्पताललाई आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको साथै अन्य मालसामानहरुको खरिदको लागि नियमानुसार खरिद योजना बनाउन, अवश्यकताको पहिचान



ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मनोज कुमार आचार्य
नगर प्रमुख

गर्न, खरिद सम्बन्धी कार्य गर्नको लागि समितिले तोके बमोजिमका संयोजक तथा सदस्य रहने गरी नेपाल सरकारको प्रचलित कानून बमोजिम एक खरिद ईकाइ गठन गरिनेछ ।

माथि जुनसुकै कुरा लेखिएको भएतापनि औषधी खरिद सम्बन्धी निर्णय गर्दाको अवस्थामा औषधी व्यवस्थापन शाखाको प्रमुख र मेशिनरी औजार खरिद गर्दा प्रयोगशाला प्रमुखले सदस्यको रुपमा इकाईको बैठकमा भाग लिनेछन् । खरिद इकाईले मालसामान खरिद गर्नु भन्दा पहिला समितिबाट निर्णय गराउनु पर्नेछ।

**१२. फार्मेसी सञ्चालन गर्ने:** (१) निःशुल्क औषधी वितरण तथा अस्पतालमा आवश्यक औषधी बिक्री वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गर्नेछ ।

(२) फार्मेसी मार्फत बिक्री वितरण गर्ने औषधिको व्यवस्थापन अस्पताल आफैले गर्नेछ ।

(३) फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र अस्पताल फार्मेसी सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

## परिच्छेद–५
## जनशक्ति व्यवस्थापन

**१३. अस्पतालको संगठन संरचना:** अस्पतालको आफ्नै सङ्गठन संरचना हुनेछ । अस्पतालको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी सोही आधारमा संगठन संरचना तथा दरबन्दी समितिको सिफारिसमा नगर कार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

**१४. कर्मचारी व्यवस्थापन:** (१) अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी निर्धारण गरे बमोजिमको दरवन्दी अनुसारको देहाय बमोजिमका कर्मचारीको व्यवस्था हुनेछ ।

(क) नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवाबाट पदपूर्ति हुने स्थायी कर्मचारी,

(ख) समितिको निर्णय अनुसार करार सेवामा भर्ना गरिएका कर्मचारी,

(ग) छात्रवृति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरुले अनिवार्य सेवा गर्नु पर्ने जनशक्ति तथा पूर्ण वा आशिंक रुपमा नगरपालिकाको सहयोग प्राप्त गरी छात्रवृतिमा अध्ययन गरेका विद्यार्थी,

(घ) विषय विज्ञको रुपमा वैतनिक वा अवैतनिक स्वेच्छिक सेवा उपलब्ध गराएका व्यक्तिहरु,

(ङ) विभिन्न शैक्षिक सस्थाहरुबाट इन्टर्नसिप (OJT) गर्नको लागि आएका विद्यार्थी,

(२) अस्पतालको सेवा प्रवाह उपदफा (१) बमोजिमको कर्मचारीबाट गराउन अपुग भएमा अस्पतालले आफ्नै स्रोतबाट आर्थिक व्यवस्थापन गर्ने गरी सेवा करारमा थप कर्मचारी नियुक्ती गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ती गर्दा खुल्ला प्रतिस्पर्धात्मक वातावरण सिर्जना हुने गरी समितिले कार्यविधि गरी पदपूर्ति गर्नु पर्नेछ । सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ति गर्ने सम्बन्धी अस्पतालको कार्यविधि तयार नहुँदासम्म नगरपालिकाको प्रचलित कानून बमोजिम हुनेछ ।

ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मनोज कुमार आचार्य
नगर प्रमुख



CamScanner

(४) अस्पतालको कार्य विस्तार हुँदै गर्दा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कायम भएको दरबन्दीको जनशक्तिले नपुग हुने भएमा समितिको सिफारिसमा कार्यपालिकाले जनशक्तिको दरबन्दी संशोधन गर्नसक्नेछ । यसरी दरबन्दी संशोधनको लागि पेश गर्दा थप हुने जनशक्तिले सम्पादन गर्ने कार्यविवरण, उक्त कार्य हालको जनशक्तिले सम्पादन गर्न नसक्ने कारण र व्ययभार व्यहोर्ने स्रोत समेत विवरण पेश गर्नु पर्नेछ ।

(५) समितिले जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार तालिम तथा प्रशिक्षण गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) समितिले सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासँगको साझेदारीमा सेवा करारमार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

**१५. अभ्यासकर्ता सम्बन्धी व्यवस्था:** अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रवृतिमा अध्ययन गरेका विद्यार्थी तथा न्यूनत्तम शैक्षिक योग्यता पुगी सम्बन्धित परिषदमा दर्ता भएका साथै अध्ययनरत विद्यार्थीहरुलाई अस्पतालले प्रचलित कानून बमोजिम अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्नेछ।

**१६. कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सेवा सुविधा:** (१) कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सम्पुर्ण सेवा, सुविधा, अतिरिक्त समय, रात्रीकालीन सेवा तथा सट्टा विदा प्रचलित कानून बमोजिम तथा समितिले तोके बमोजिम हुनेछ ।

(२) यो कार्यविधि प्रारम्भ हुदाँ वखत अस्पतालमा कार्यरत कर्मचारीहरु तथा यस भन्दा पछाडि विभिन्न प्रक्रियाबाट नियुक्ती भएका कर्मचारीहरुलाई अस्पतालको आर्थिक क्षमता समेतको विचार गरी समितिले थप सुविधाको व्यवस्था गर्न सक्नेछ ।

(३) दफा १४ को उपदफा (२) बमोजिम नियुक्त कर्मचारीहरुको सेवा शर्त र सुविधा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) नियमित बाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने अस्पतालका स्वास्थ्यकर्मी तथा कर्मचारी र बाह्य क्षेत्रबाट आमन्त्रण गरिएका स्वास्थ्यकर्मीलाई समितिले निर्णय गरी थप सुविधा उपलब्ध गराउन सक्नेछ।

(५) यस दफा बमोजिम कर्मचारीलाई थप सुविधा प्रदान गर्दा अस्पतालको आर्थिक सक्षमताको बारेमा ध्यान दिनु पर्नेछ । थप सुबिधा दिएको अधारमा रकम नपुग भएको भनी कुनै निकायमा थप अनुदान माग गर्न पाईने छैन ।

ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मनोज कुमार आचार्य
नगर प्रमुख

## परिच्छेद – ६
## सेवा प्रवाह तथा व्यवस्थापन

**१७. सेवा व्यवस्थापनः** (१) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पि.डी., प्रयोगशाला, एक्स–रे, वार्डहरु, इमेरजेन्सी कक्ष, शल्यक्रिया कक्ष, फार्मेसी, सोधपुछ दर्ता कक्ष, क्यान्टिन, पार्किङ्ग, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड बमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्युनतम भौतिक पुर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ।

(२) अस्पतालले बहिरंग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ।

(३) अस्पतालल बहिरंग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन, बार र समय) खुल्नेगरी सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ।

(४) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाटै प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(५) बिरामीले आफूले सेवा लिन चाहेको विषयको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

(६) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ।

(७) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनु पर्नेछ।

(८) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनु पर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनु पर्नेछ।

(९) सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनु पर्नेछ।

(१०) अस्पतालले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालन गरेको हुनु पर्नेछ।

(११) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि शौचालय र हात धुने ठाउँको व्यवस्था हुनु पर्नेछ। शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र साबुन उपलब्ध गराउनु पर्नेछ।

(१२) अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुटयाउने, संकलन, ढुवानी तथा उचित बिसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(१३) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफासुग्घर राख्नु पर्नेछ।

(१४) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगाा कपडा धुनेका लागि लण्ड्रीको व्यवस्था गर्नु पर्नेछ।

(१५) अस्पताल हाताभित्र खाना पकाउने र खाना खाने अलग अलग ठाउँ सहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था गर्नु पर्नेछ।

ईश्वरपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय ईश्वरपुर, सर्लाही मधेश प्रदेश, नेपाल २०७३

मनोज कुमार आचार्य
नगर प्रमुख

(१६) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबिसै घण्टा विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको शुद्ध पानी आपूर्ति हुनु पर्नेछ ।

(१७) अस्पताल क्षेत्रभित्र र सबै विभागहरुमा चौबिसैघण्टा विद्युतीय आपूर्ति र अटोमेटिक ब्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनु पर्नेछ ।

(१८) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको १० प्रतिशत निःशुल्क उपचार अनिबार्य रुपमा उपलब्ध गराएको हुनु पर्नेछ । थप निःशुल्क उपचार समितिको निर्णय अनुसार हुनेछ ।

(१९) उपदफा (१८) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी नगर कार्यपालिकामा वार्षिक रुपमा उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ ।

(२०) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनु पर्नेछ । साथै ठूला र गम्भीर प्रकृतिका औजार उपकरणहरु कम्पनीले निर्दिष्ट गरेको मर्मत अविधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको हुनु पर्नेछ ।

(२१) अस्पतालको भवन, सवारीसाधन, मेसिनरी औजार, यन्त्र, उपकरण, विद्युतिय उपकरण र अन्य विद्युतीय उपकरणको नियमित मर्मत संभार गर्ने व्यवस्था हुनुपर्नेछ ।

(२२) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको प्रबन्ध हुनुपर्नेछ ।

(२३) आपतकालीन व्यवस्थामा प्रयोग हुने सामग्रीहरुको अलगै भण्डारण कक्ष हुनुपर्नेछ । यस्तो भण्डारणमा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामग्री मौज्दात राख्ने व्यवस्था हुनुपर्नेछ।

(२४) अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षागार्डको व्यवस्था भएको हुनुपर्नेछ ।

(२५) अस्पतालमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गुणस्तरीय रुपमा सञ्चालन गर्न समितिले छुट्टै कार्य सञ्चालन निर्देशिका तयार गरी लागु गर्न सक्नेछ ।

(२६) अस्पतालका सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, बालबालिका र अपाङ्ग मैत्री हुनुपर्नेछ । साथै अस्पतालमा व्हीलचेयर, ट्रली, स्टेचर राख्नु पर्नेछ र त्यस्ता सामाग्रीहरु सेवाग्रीहीले सहज रुपमा देख्ने ठाउँमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(२७) स्वास्थ्य सेवा सञ्चालन र पूर्वाधार सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, मापदण्ड र प्रोटोकल बमोजिम गर्नु पर्नेछ ।

(२८) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ।

(२९) अस्पतालले प्रदान गरेको सेवा मध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनु पर्नेछ । आधारभुत सेवा बाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य बीमा भएको हकमा सोही बीमाबाट र बीमा नभएको वा बीमा रकमले नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ ।



ईश्वरपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय ईश्वरपुर, सर्लाही मधेश प्रदेश, नेपाल २०७३

मनोज कुमार आचार्य
नगर प्रमुख

(३०) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवाबाट वञ्चित गरिनेछैन । अति विपन्न, बेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्रीलाई अस्पतालको आकस्मिक उपचार कोषबाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलब्ध गराउनु पर्नेछ ।

**१८. विशेषज्ञ सेवा सञ्चालन** (१) अस्पतालले संघीय तथा प्रादेशिक स्वास्थ्य मन्त्रालय, विभाग वा निर्देशनालयबाट स्वीकृति लिई मृगौलाको डायलासिस सेवा सञ्चालन गर्नेछ।

(२) अस्पतालले सुरक्षित मातृत्व कार्यक्रम अन्तरगत रहेर तोकिएको निकायबाट स्वीकृति लिई Cesarean Section (CS) सेवा सञ्चालन गर्नेछ।

**१९. एम्बुलेन्स सञ्चालन**: (१) अस्पतालले आफ्नै स्रोतबाट वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा आवश्यक संख्यामा एम्बुलेन्स सेवा सञ्चालन गर्न सक्नेछ ।

(२) एम्बुलेन्स सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(३) एम्बुलेन्स सेवा प्रदान गरेवापत लाग्ने सेवा शुल्क समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) एम्बुलेन्स सेवा सञ्चालन गर्नको लागि समितिले छुट्टै मापदण्ड/कार्यविधि तयार गर्नुपर्नेछ । त्यस्तो किसिमको मापदण्ड/कार्यविधि तयार नहुदाँसम्म नगरपालिकाको प्रचलित मापदण्ड/कार्यविधि बमोजिम सञ्चालन गर्न बाधा पर्ने छैन ।

**२०. प्रेषण सम्बन्धी व्यवस्था**: (१) उपचारको लागि आएका बिरामीलाई उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ । तर अस्पतालमा उक्त सेवा, जनशक्ति र उपचार हुन सक्ने अवस्था हुदाँ हुँदै प्रेषण गर्न पाइने छैन ।

(२) अस्पतालले प्रषण गर्ने संस्थाहरुको पूर्व पहिचान गरी सो को अद्यावधिक सूची राख्नु पर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिस्चितता गरेर मात्र पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रेषण गर्दा बिरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिले नै पठाउने व्यवस्था गर्नुपर्नेछ ।

(४) बिरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रषेण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरीराख्नु पर्नेछ ।

(५) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदण्ड बमोजिमका न्यूनतम उपकरण र सेवा उपलब्ध गराउनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सेवाग्राहीको ईच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न वाधा पुग्ने छैन ।

(७) प्रेषण गर्दा गर्भवति महिला, गम्भीर अवस्थाका बिरामी र विपन्न नागरिकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ ।

(८) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्च सम्बन्धी व्यवस्था समितिले तोकेको मापदण्ड बमोजिम हुनेछ ।

ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मनोज कुमार आचार्य
नगर प्रमुख



CamScanner

(९) प्रेषण भएका बिरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकिकरण गर्न सक्नेछ।

(१०) अस्पतालमा प्रेषण भई आएका बिरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पुर्जा सहित डिस्चार्ज गरी सोको विवरण अद्यावधिक रुपमा राख्नु पर्नेछ।

(११) उपदफा (१०) बमोजिम डिस्चार्ज गर्दा बिरामीलाई देहायका विवरणहरु उल्लेख गरी अनुसूची– २ बमोजिमको डिस्चार्ज सारांश दिनुपर्नेछ।

(क) बिरामीको परिचय पत्र नं.

(ख) मुख्य समस्याहरु

(ग) भौतिक परीक्षण गर्दा प्राप्त रिर्पोटका सारांश

(घ) तत्काल गरिएको परीक्षणको सारांश

(ङ) उपचारको क्रममा भेटिएका तथ्य

(च) उपचारको क्रममा अपनाइएको प्रकृया

(छ) उपचारको क्रममा अस्पतालमा रहेको अवधि

(ज) गरिएको उपचारको विवरण

(झ) डिस्चार्ज हुदाँको अवस्था, सो समयमा दिइएको निर्देशन तथा डाइट, व्यायम, उपचार पद्धति, औषधीको मात्रा, प्रकृया तथा अवधि

(ञ) पुनः आउनु पर्ने वा नपर्ने जानकारी

(ट) निदानात्मक जाँचहरुको रिर्पोटको सारांश

(ठ) अन्य आवश्यक कुराहरु

## परिच्छेद–७
## अस्पताल प्रमुख सम्बन्धी व्यवस्था

**२१. अस्पताल प्रमुखको रुपमा कार्य गर्नेः** (१) अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये सिनियर चिकित्सकलाई नगरपालिकाले अस्पताल प्रमुखको रुपमा तोक्नेछ। निजले कार्यालय प्रमुखको रुपमा कार्य गर्नेछ।

(२) स्थायी चिकित्सक कार्यरत भएसम्म करारमा कार्यरत चिकित्सकलाई प्रमुखको रुपमा काममा लगाईने छैन।

(३) दुई वा दुई भन्दा बढी चिकित्सक समान तह र सेवा अवधि समान भएमा समितिले निर्णय गरी एक चिकित्सकलाई अस्पताल प्रमुखको जिम्मेवारी तोक्न सक्नेछ।

**२२. अस्पताल प्रमुखको काम कर्तव्य र अधिकारः** अस्पताल प्रमुखको रुपमा रहेको चिकित्सकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(१) समितिको अधिनमा रही नेपाल सरकारबाट जारी गरिएका आधारभूत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्युनतम सेवा मापदण्डलाई कार्यान्वयन गर्ने र अस्पतालको दैनिक सेवा सञ्चालन गर्ने।

ईश्वरपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय ईश्वरपुर, सर्लाही मधेश प्रदेश, नेपाल २०७३

मनोज कुमार आचार्य
नगर प्रमुख

(२) अस्पताल सञ्चालनका लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गर्ने ।

(३) अस्पताल सञ्चालनका लागि वार्षिक बजेट, कार्यक्रम तयार गरी समितिमा पेश गर्ने ।

(४) अस्पतालको गुणस्तर कायम राख्न, क्षमता अभिवृद्धि गर्न, स्तरोन्नति गर्न तथा अन्य आवश्यक कार्यहरु गर्ने ।

(५) अस्पतालको आर्थिक नियन्त्रण, जिन्सी व्यवस्थापन, रेखदेख तथा निरीक्षण सम्बन्धी कार्य गर्ने ।

(६) कर्मचारीहरुको भैपरी आउने बिदा, पर्व विदा, सुत्केरी स्याहार बिदा, १५ दिन सम्मको घर बिदा, १५ दिन सम्मको बिरामी बिदा स्वीकृत गर्ने । १५ दिन भन्दा बढीको घर बिदा तथां बिरामी बिदा स्वीकृतको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने ।

(७) तीन दिन सम्मको आफ्नो भैपरी आउने बिदा, पर्व बिदा, आफै स्वीकृत गर्ने र सो भन्दा बढीको भैपरी आउने बिदा, पर्व बिदा लिनु पर्ने भएमा वा अन्य विदा लिनु पर्ने भएमा प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने ।

(८) अस्पतालको कुनै कर्मचारीलाई कुनै संघ संस्थाले स्वदेशमा सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार तथा अभिमुखिकरण कार्यक्रममा भाग लिनको लागि माग गरेमा औचित्य हेरी त्यस्ता किसिमका तालिम, गोष्ठी, सेमिनार तथा अभिमुखिकरण कार्यक्रममा भाग लिन जानको लागि वा अस्पतालको कामको सिलसिलामा अन्यत्र जानु पर्ने भएमा बढीमा ७ (सात) दिनको काज स्वीकृत गर्ने ।

(९) अस्पताल प्रमुखले प्रमुख प्रशासकीय अधिकृत समक्ष र अन्य कर्मचारीले अस्पताल प्रमुख समक्ष कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ ।

(१०) समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने ।

(११) यस कार्यविधि बमोजिम नगरपालिकामा पेश गर्नुपर्ने विभिन्न प्रतिवेदन पेश गर्ने ।

(१२) नगरपालिकाले दिएको निर्देशन बमोजिम कार्य गर्ने ।

## परिच्छेद–८

## सूचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

**२३. अस्पताल सूचना प्रणाली**: (१) अस्पतालबाट प्रदान गरिएका सेवा सम्बन्धी सम्पूर्ण तथ्याकहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी सूचना नगरपालिका, प्रदेश तथा संघको सम्बन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनु पर्नेछ ।

(३) अस्पतालबाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ ।

(४) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको अनुसुची ३ बमोजिमको नागरिक वडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाहरुको सुनिस्चितता गर्नु पर्नेछ ।

ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मनोज कुमार आचार्य
नगर प्रमुख

(५) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नु पर्नेछ ।

(६) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ ।

(७) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नु पर्नेछ ।

(८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका बारेमा समय समयमा अस्पतालले जनचेतनामूलक अभियान सञ्चालन गरी जनसमुदायलाई जानकारी गराउनेछ ।

(९) अस्पतालले स्वास्थ्य सम्बन्धी तथ्यांक नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके बमोजिम प्रेषण तथा DHIS2 मा प्रविष्ट गर्नुपर्नेछ ।

(१०) अस्पताल वा स्वास्थ्यकर्मीले गोपनीयताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ ।

**२४. गुनासो व्यवस्थापन:** (१) अस्पतालले सबैले देख्ने ठाउँमा सुझाब तथा उजुरी पेटीका राख्ने र प्रत्येक हप्ता नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी गुनासो, उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागि छुट्टै एक अधिकारी तोक्नेछ ।

## परिच्छेद–९
## विविध

**२५. सेवा शुल्क सम्बन्धी व्यवस्था:** अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिले निर्णय गरे बमोजिम हुनेछ । तर निःशुल्क भनी तोकिएको सेवाको शुल्क लिन पाइने छैन ।

**२६. अस्पतालको छाप:** अस्पतालको सम्पुर्ण कामकारबाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ । छापको नमूना र आकार अनुसूची–४ मा उल्लेख भए बमोजिम हुनेछ ।

**२७. साझेदारी गर्न सक्ने:** अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती सरसफाई तथा शव बाहान सेवा लगायतका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा सञ्चालन गर्न समितिको स्वीकृतमा आवश्यकता अनुसार प्रचलित कानून बमोजिम सामुदायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासँग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ ।

**२८. बैठक भत्ता:** समितिका सदस्यहरुले बैठकमा भाग लिए वापतको बैठक भत्ता तथा बैठक सम्बन्धी अन्य खर्च नगरपालिकाको आर्थिक नियमावली तथा मापदण्ड बमोजिम हुनेछ ।

**२९. वार्षिक प्रतिवेदन पेश गर्ने:** अस्पतालले वर्षभरिको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।



ईश्वरपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय ईश्वरपुर, सर्लाही मधेश प्रदेश, नेपाल २०७३

मनोज कुमार आचार्य
नगर प्रमुख

**३०. निर्देशन पालना गर्नुपर्ने:** कार्यपालिकाले दिएको निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ। साथै नगर कार्यपालिकाको कार्यालयले दिएको निर्देशन पालना गर्नु अस्पताल प्रशासनको कर्तव्य हुनेछ।

**३१. नगरपालिकालाई आर्थिक दायित्व सृजना गर्न नहुने:** नगरपालिकाको स्वीकृत बिना समितिले नगरपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नु हुदैन।

**३२. अधिकार प्रत्यायोजन गर्न सक्ने:** समितिले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३३. कार्यविधिको पालना गर्नुपर्ने:** यस कार्यविधिको पालना गर्नु नगरपालिकाद्धारा सञ्चालित सरकारी अस्पतालको दायित्व हुनेछ।

**३४. व्याख्या गर्ने अधिकार:** यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्धिविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आई परेमा नगर कार्यपालिकाले सोको व्याख्या गर्नेछ।

**३५. प्रचलित कानून बमोजिम हुने:** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यसमा उल्लेख नभएमा विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

(२) नगर अस्पतालबाट यस अघि सञ्चालन भएका स्वास्थ्य सेवाहरु यसै कार्यविधिबाट भएको मानिनेछ।

(३) नगर अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सेवा सम्बन्धमा नगरपालिकासँग समन्वय गर्दा नगरपालिकाको स्वास्थ्य शाखासँग समन्वय गर्नुपर्नेछ। जनस्वास्थ्य सेवा प्रवाह सम्बन्धी नगरपालिकाले अस्पताललाई निर्देशन दिंदा स्वास्थ्य शाखामार्फत दिनेछ।

**३६. संशोधन:** यस कार्यविधिमा संसोधन गर्नुपर्ने भएमा कार्यपालिकाले आवश्यकता अनुसार संसोधन हुनेछ।

ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मनोज कुमार आचार्य
नगर प्रमुख

## अनुसूची – १
### दफा ५ को उपदफा ४ सँग सम्बन्धित

**(१) साधारण खर्चः**

(क) स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुको पारिश्रमीक,

(ख) स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुको नियमानुसार पाउने भत्ता,

(ग) स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई समितिले निर्णय गरे अनुसारका विभिन्न किसिमका भत्ताहरु, सुविधा वापतका रकमहरु,

(घ) समितिले निर्णय गरी करार सेवामा नियुक्त गरिएका कर्मचारीहरुको समितिकै निर्णय अनुसारको पारिश्रमीक,

(ङ) समितिले निर्णय गरी करार सेवामा नियुक्त गरिएका कर्मचारीहरुको समितिले निर्णय गरे अनुसारका विभिन्न किसिमका भत्ताहरु,

(च) कर्मचारीहरुले पाउने अन्य सुविधा वापतको रकम भुक्तानी ।

**(२) सञ्चालन खर्चः**

(क) नियमित बिद्युत, टेलिफोन तथा पानी महशुल (जरिवाना/थप दस्तुर भुक्तानी गर्न पाईने छैन),

(ख) एम्बुलेन्स तथा अन्य सवारी साधनमा प्रयोग हुने ईन्धन,

(ग) पाँच हजार रुपैया सम्मका साधारण मर्मत संभारका खर्चहरु ।

**(३) मालसामान, औषधीको भुक्तानी तथा पूर्वाधार जन्य खर्चः**

(क) समितिको स्वीकृती दिई प्रतिष्पर्धात्मक प्रक्रियाबाट खरिद भएका मालसामानहरुको भुक्तानी,

(ख) समितिको स्वीकृती दिई प्रतिष्पर्धात्मक प्रक्रियाबाट खरिद भएका औषधीहरुको भुक्तानी,

(ग) समितिको स्वीकृती दिई प्रतिष्पर्धात्मक प्रक्रियाबाट निर्माण भएका पूर्वाधारहरुको भुक्तानी ।

ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मनोज कुमार आचार्य
नगर प्रमुख



CamScanner

## अनुसूची– २

## दफा १९ को उपदफा ११ सँग सम्बन्धित

## डिस्चार्ज साराशं ढाँचा

| | |
|---|---|
| ........................................ अस्पताल<br>डिस्चार्ज साराशं | |
| बिरामीको नाम : | उमेर : |
| बिरामीको ठेगाना : | सम्पर्क नं. |
| अस्पतालको वार्ड : | युनिट : |
| बिरामीको परिचयपत्र नं. / दर्ता नं. | मिति : |
| समस्याहरु :................................................ | |
| परीक्षण विवरण : ............................................. | |
| उपचारको क्रममा भेटिएका तथ्य उपचार प्रक्रिया र पद्धति :<br>..............................................................................<br>...................... | |
| उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधि :<br>भर्ना भएको मिति र समय : | |
| उपचार सम्वन्धी विवरण:<br>.................................... | सिफारिस औषधीको नाम, मात्रा र अवधि<br>.............................................<br>.......... |
| डिस्चार्ज हुदाँको स्वास्थ्य अवस्था, सो समयमा दिएको निर्देशन :<br>........................................................................ | |
| पुनः अस्पताल आउने (Follow up) सम्वन्धी विवरण :<br>यस उपचारको क्रममा पुन:अस्पताल आउनुपर्ने वा नपर्ने<br>आउनुपर्ने मिति : | |
| अन्य आवश्यक कुराहरु<br>:..................................................................... | |
| डियुटी डाक्टरको हस्ताक्षर :<br>मिति : २०८.../...../..... | |

ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मनोज कुमार आचार्य
नगर प्रमुख



CS CamScanner

## अनुसूची–३

### दफा २३ को उपदफा ४ सँग सम्बन्धित

### अस्पतालबाट प्रदान गरिने सेवाको नागरिक बडापत्रको ढाँचा

| सि.न | शाखा/वार्ड | प्रदान गरिने सेवाको विवरण | सम्बन्धित सम्पर्क व्यक्ति | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मनोज कुमार आचार्य
नगर प्रमुख



CamScanner

## अनुसुची –४

## दफा २६ सँग सम्बन्धित

## अस्पतालको छापको नमुना

१. **छापको नमुनाः** छापको सबभन्दा माथि नेपाल सरकारको निशान छाप, सो भन्दा मुनि ईश्वरपुर नगरपालिकाको नाम, सो भन्दा मुनि   नगर अस्पतालको नाम र सो भन्दा मुनि अस्पताल रहेको स्थानको ठेगना रहनेछ ।

२. **छापको आकारः** नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मनोज कुमार आचार्य
नगर प्रमुख